आज मिति २०८२-१२-२० गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | भिमार्जुन भुसाल | प्र.प्र.अ. | छत्रदेव गा.पा. ४ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४९३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

**कार्यपालिका बैठक संख्या:- १५**

**मिति २०८२/१२/२० गतेको बैठक**

**प्रस्तावहरु:-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा ।
३. कर्मचारी कल्याण कोष उपदान कार्यविधी सम्बन्धमा ।
४. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी सम्बन्धमा ।
५. आवासिय विद्यालय सञ्चालन कार्यविधी सम्बन्धमा ।
६. उपाध्यक्षसँग शिक्षाको कार्यविधी सम्बन्धमा ।
७. गाउँ शिक्षा योजना सम्बन्धमा ।
८. ICT Fixing कार्यक्रम सम्बन्धमा ।
९. सिद्धपोखरी प्रा.वि कक्षा ३ घटाउने सम्वन्धमा ।
१०. प्रशासकीय भवनको म्याद थप सम्वन्धमा ।
११. कंकेदेउराली पर्यटन पुर्वाधार समितिलाई नयाँ वर्षको अवसरमा साँस्कृतिक कार्यक्रम सम्वन्धमा ।
१२. आलु स्टोर भत्काउने सम्बन्धमा ।
१३. नागरिक आरोग्य केन्द्र राख्ने सम्वन्धमा ।
१४. कार्यविधि बनाएर प्र.अ. छनौट गर्ने सम्वन्धमा ।
१५. सव-इन्जिनियर तथा पशु प्राविधिक विज्ञापन गर्ने सम्वन्धमा ।
१६. अध्यक्ष कप सञ्चालन सम्बन्धमा ।
१७. सिंचाई प्रवर्द्धन कार्यक्रमको छनौट सम्वन्धमा ।
१८. साना मेशिनरी औजार अन्तर्गत रकम बाँडफाँड सम्बन्धमा ।
१९. आर्थिक सहायता सम्वन्धमा।
२०. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/११/२४ गते बसेको कार्यपालिका बैठकमा प्रदेश विशेष योजना माग सम्बन्धमा, प्रदेश समपूरक योजना माग सम्बन्धमा, थामडाँडा ...की भवन माग सम्बन्धमा समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८२/१२/२७ गते शुक्रबारका दिन मदाने गाउँपालिकाको सभाहलमा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

३. यस मदाने गाउँपालिकामा कर्मचारीको निवृत जीवनयापन सहजिकरणको लागि विद्यायन समितिबाट प्राप्त कर्मचारी कल्याण कोष उपदान सम्बन्धी कार्यविधी-२०८२ पारित गर्ने निर्णय सर्व-सम्मत गरियो ।

४. यस मदाने गाउँपालिकामा कार्यालय समयमा बाहेक कामकाजमा खट्ने कर्मचारीहरुको लागि प्रोत्साहन स्वरुप विद्यायन समितिबाट प्राप्त कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी-२०८२ पारित गर्ने निर्णय सर्व-सम्मत गरियो ।

५. यस मदाने गाउँपालिकामा टुहुरा, अनाथ, असाहाय, गरिब, विपन्न तथा जेहन्दार वालवालिकाको लागि निःशुल्क लालनपालन र पठनपाठनकोलागि विद्यायन समितिबाट प्राप्त आवासिय विद्यालय सञ्चालन कार्यविधी-२०८२ पारित गर्ने निर्णय सर्व-सम्मत गरियो ।

६. यस मदाने गाउँपालिकामा विद्यार्थीहरुको क्षमता प्रस्फुटन तथा क्षमता विकासको लागि सञ्चालनमा रहेको कार्यक्रम उपाध्यक्षसंग शिक्षा कार्यक्रमको कार्यविधी विद्यायन समितिबाट प्राप्त भए बमोजिम संशोधन गरी पारित गर्ने निर्णय सर्व-सम्मत गरियो ।

७. यस मदाने गाउँपालिकाको गाउँ शिक्षा योजना शिक्षा समितिबाट प्राप्त भए बमोजिम पारित गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. यस मदाने गाउँपालिकाको आ.व.०८२/८३ को ICT Fixing सम्बन्धी कार्यक्रम मदाने गाउँपालिका वडा नं. ०१, अग्लुङ्मा रहेको ओख्लेदह आधारभुत विद्यालयलाई दिने निर्णय सर्व-सम्मत पारित गरियो ।

९. यस मदाने गाउँपालिकाको वडा नं. ३ सिर्सेनीमा रहेको सिद्धपोखरी प्रा.वि. मा कक्षा ३ मा कुनै पनी विद्यार्थी नरहेको हुँदा उक्त विद्यालयको कक्षा ३ घटाउने/हटाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. यस मदाने गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको प्रशासकीय भवन निर्माणको कार्य चलिरहेको र तोकिएको समयावधी भित्र सम्पुर्ण काम कारवाही नसकिने अवस्था देखिएको हुँदा मिति २०८३ असार २४ गते सम्म म्याद थप गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

११. यस मदाने गाउँपालिका वडा नं. ६ पुर्कोटदहमा रहेको कंकेदेउराली पर्यटन पुर्वाधार समितिलाई नयाँ वर्षको अवसरमा कंकेदेउराली पर्यटन क्षेत्रमा साँस्कृतिक कार्यक्रम सञ्चालन गर्नको लागि रु १ लाख रुपैया उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१२. यस मदाने गाउँपालिका वडा नं. ६ पुर्कोटदहको पार्वतामा रहेको आलु स्टोर जिर्ण अवस्थामा रहेको तथा काम लाग्न नसक्ने अवस्थामा रहेको हुँदा उक्त आलु स्टोर भत्काउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१३. यस मदाने गाउँपालिकामा नागरिक आरोग्य केन्द्रको सञ्चालन तथा व्यवस्थापन मदाने गाउँपालिकाको वडा नं. ४ म्यालपोखरीमा रहेको समाहलमा राखे निर्णय सर्व-सम्मत पारित गरियो ।

१४. यस मदाने गाउँपालिकाका विद्यालयहरुमा प्र.अ. छनौट गर्नको लागि कार्यविधी निर्माण गरी शिक्षा समिति मार्फत कार्यपालिकामा पेश गर्नको लागि मदाने गाउँपालिका शिक्षां, युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय सर्व-सम्मत पारित गरियो ।

१५. यस मदाने गाउँपालिकामा सब-इन्जिनियर र पशु प्राविधिक पदहरुको रिक्त दरवन्दीमा पदपुर्ती गर्नको लागि विज्ञापन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१६. यस मदाने गाउँपालिकामा प्रत्येक वर्ष सञ्चालन हुने अध्यक्ष कप भलिवल प्रतियोगिता कार्यक्रम मिति २०८३ वैशाख ९,१० र ११ गतेका दिन गाउँपालिकाको खेल मैदान वडा नं. ७ कुडापानीमा गर्ने तथा पुरस्कार तथा अन्य विषयमा गत वर्षमा गरे जस्तै गरी गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१७. यस मदाने गाउँपालिकामा आ.व.२०८२/२०८३ मा संघिय सरकारबाट शसर्त अनुदानमा साना सिचाई प्रवर्द्धन कार्यक्रममा मदाने गाउँपालिका कृषि शाखाबाट प्रस्ताव आहावान गरी प्राप्त निवेदन अनुसार कृषि शाखाबाट स्थलगत अनुगमन भए अनुसारका तपशिलका सहकारी,समुह,फार्मलाई तपसिल अनुसारको रकम अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:-

| क स | आवेदकको नाम | वडा नं | क्रियाकलाप | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिर्सेनी कृषि सहकारी संस्था लिमिटेड | मदाने गाउँपालिका,३ सिर्सेनी | सिंचाई पाईप | ४,००,००० | |
| २ | मदाने प्रगतिशिल कृषक समुह | मदाने गाउँपालिका,३ सिर्सेनी | सिंचाई पोखरी निर्माण | १,५०,००० | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सिर्जनशिल विउ उत्पादन कृषक समुह | मदाने गाउँपालिका,३ सिर्सेनी | सिंचाई पाईप | २,००,००० | |
| ४ | छत्रदेव कृषि तथा पशुपालन फर्म | मदाने गाउँपालिका,३ सिर्सेनी | सिंचाई कुलो | २,५०,००० | |
| ५ | श्री कोलाकाचौर तरकारी खेती कृषक समुह | मदाने गाउँपालिका,६ न्वार | सिंचाई पाईप | १,००,००० | |
| ६ | कंके देउराली गाई भैसी फर्म | मदाने गाउँपालिका,६ पर्नाँहा | सिंचाई कुलो | १,५०,००० | |
| ७ | गृनलाइफ कृषि तथा पशुपंक्षी फर्म | मदाने गाउँपालिका,७ भिरकटेरी | सिंचाई पोखरी निर्माण | १,५०,००० | |

१८. यस मदाने गाउँपालिकाको वार्षिक स्वीकृत साना मेसिंनरी औजार वितरण कार्यक्रममा हिउदे गाउँसभा बाँट चार लाख रकम थप गरि जम्मा चौध लाख रुपैया विनियोजित भएकोमा मदाने गाउँपालिका अन्तर्गतका प्रत्येक वडा कार्यालयलाई दुई दुई लाख रकम बाडफाड गर्ने र कुनै वडाबाँट माग कम आई रकम खर्च नहुने भएमा बैकल्पिकमा छनौट भएका कृषकले गाउँपालिकाले कायम गरेको दरेटमा सामाग्री खरिद गरि खरिद बिलको ५०% अनुदान रकम कृषकको बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो ।

१९. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिवीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका तपसिलका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | तुलसी कामी | मदाने-०५ | पाठेघरमा समस्या | १०,०००/- | |
| २. | जीव कुमारी सार्की | मदाने-०६ | दिर्घ रोगी भएको | ५०००/- | |
| ३. | टुकमाया थापा | मदाने-०६ | दैनिक रुपमा समस्या भएको | ५०००/- | |
| ४. | गिता घर्ति मगर | मदाने-०२ | काजकिरियामा समस्या भएको | ५०००/- | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | चुमी दमाई | मदाने-०४ | दिर्घ रोगी भएको | ५०००/- | |
| ६. | राम बहादुर रोका | मदाने-०१ | मानसिक समस्या | ५०००/- | |
| ७. | गणेश सुनार | मदाने-०७ | दिर्घ रोगी समस्या | ५०००/- | |
| ८. | कमल घर्ति | मदाने-०७ | दिर्घ रोगीको समस्या | ५०००/- | |
| ९. | राम प्रसाद घिमिरे | मदाने-०६ | स्पाईनल कर्ड इन्जुरी | ७५००/- | |
| १०. | कृष्ण नेपाली | मदाने-०४ | खुट्टामा समस्या भएको | ५०००/- | |
| ११. | जमुनी खत्री | मदाने-०४ | हात भाँचिएको | ५०००/- | |
| १२. | मिक्कु वि.क. चुदारा | मदाने-०६ | पेटमा समस्या | ५०००/- | |

२०. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १५ (आ.व. २०८२/०८३) को मिति २०८२/१२/२० गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष